# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## एघारौं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माइन्यूट)

**१.वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यू ब्यक्तिगत कारणले देश बाहिर भई सभामा उपस्थित हुन नसकेको जानकारी गराउनु भएकोले बैंकका वरिष्ठ संचालक श्री बालकृष्ण प्रसाईज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भई निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभाको सूचना मिति २०७४/०५/१९ गते कान्तिपुर टेलिभिजन र कान्तिपुर एफ. एम मार्फत प्रसारण गरी जानकारी गराईएको र सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत प्रकाशित गरिएको थियो । साथै, मिति २०७३/०५/२० गते कारोवार राष्ट्रिय दैनिक र मिति २०७३/०५/२१ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचनाको अतिरिक्त संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

सभा हुने मिति, स्थान र समय

**मिति :-** २०७४ साल आश्विन ०९ गते (सेप्टेम्बर २५, २०१७), सोमबार

**स्थानः-** अमृतभोग, डिल्लीबजार काठमाण्डौं ।

**समय :-** विहानः ११:०० बजे

**३. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७३/७४ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लि. को आ.व. २०७३/०७४ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार कर चुक्ता गर्ने प्रयोजनको लागी नगद लाभांश रु. ५,८२,८७,९१३।- (करिव ०.८५ प्रतिशत) वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७४/७५ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( साबिकको लेखापरीक्षक श्री **जे.के. एण्ड एस.एस. एसोसिएटस्** चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

६. प्रिमियर फाईनान्स लिमिटेडको मिति श्रावण १, २०७३ को DDA का लागि M/s Bidur Associates Chartered Accounts लाई रु. ३०,०००।- (VAT बाहेक) र Audit of Financial Statement का लागी M/s JKB & Associated Chartered Accounts लाई रु. २००,०००।- (VAT बाहेक) पारिश्रमिक सहित नियुक्ती गरिएको विषयमा संचालक समितिको मिति २०७४ जेष्ठ २८ गते वसेको २३५ औं बैठकवाट गरिएको निर्णय अनुमोदन गर्ने ।

७. बैंकको नियमावली अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्ने ।

**ख. विषेश प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार वोनस शेयर रु. १,१०,७४,७०,३४६ (१६ प्रतिशत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

(क) बैंकको प्रवन्धपत्र संशोधन गर्ने ।

(क-१) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा ।

(क-२) बैंकको उदेश्य प्राप्त गर्न गरिने कार्यहरुमा प्रचलित कानूनको अधिनमा रही धितोपत्र दरखास्त संकलन सम्बन्धी (Application Supported by Blocked Amount) कामहरु गर्ने कार्य थप गर्ने ।

(क-३) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्वन्धमा ।

(ख) बैंकको नियमावली संशोधन गर्ने ।

(ख-१) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा ।

(ख-२) संचालकको संख्या र कार्यकाल तोक्ने सम्बन्धमा ।

(ख-३) संचालक समितिको बैंठक सम्बन्धमा ।

(ख-४) संचालकको योग्यता र कार्य अनुभव

(ख-५) संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या ।

(ख-६) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल तोक्ने सम्बन्धमा ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री बालकृष्ण प्रसाई | सञ्चालक |
| २ | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३ | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ४ | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ५ | श्री अवनिन्द्र कुमार श्रेष्ठ | सञ्चालक |

अनुपस्थित

| | | |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | डा. चन्दा कार्की | सञ्चालक |

४.२ उपस्थित अन्य पदाधिकारी :

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री गणेश राज पोखरेल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री बोधराज देवकोटा | कम्पनी सचिव/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४ | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत |

४.३ **शेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | १,४२६ |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | २३५ |
| | **जम्मा** | १,६६१ |

५. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनीहरुको संख्या | ८०,६८६ | १,६६१ | ५२.६९ प्रतिशत |
| सस्थापक समूह "क" | ४०४ | १५५ | ४२.१७ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | ८०,२८२ | १,५०६ | १०.५२ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ६,९२,१६,८९६।६२ | | १००.०० प्रतिशत |

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १,४२६ भएको र प्रोक्सी मार्फत २३५ गरि कुल शेयरको ५२.६९ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सन्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यू व्यक्तिगत कारणले देश बाहिर भई सभामा उपस्थित हुन नसकेको जानकारी गराउनु भएकोले बैंकका वरिष्ठ संचालक श्री बालकृष्ण प्रसाईज्यूको अध्यक्षतामा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ११:०० बजे संचालक श्री बालकृष्ण प्रसाईज्यूको अध्यक्षतामा बैंकको एघारौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

६.३ सभाका अध्यक्षले सभा सन्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

**७. वार्षिक साधारण सभाको प्रस्तुती :**

७.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७३/७४ को सन्चालक समितिको वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

७.३ त्यसैगरी अध्यक्षज्यूले सभा समक्ष बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लिमिटेडको आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु छलफलको निमित्त प्रस्तुत गर्नु भयो ।

**८. छलफलको लागि आवह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

८.१ बैंकको आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन, २०७४ आषाढ मसान्तको वासलात, आ.व. २०७३/७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. अमृतनाथ रेग्मी
२. अशोक उप्रेती
३. व्यास कुमार शर्मा
४. डा. सुन्दर लाल श्रेष्ठ
५. रोज कुमार श्रेष्ठ
६. बैजुनाथ रौनियार
७. डमरु बल्लभ घिमिरे
८. शिव प्रसाद पौडेल
९. इन्द्रकृष्ण श्रेष्ठ
१०. दामोदर प्रसाद रेग्मी
११. कृष्ण काश्यप
१२. महेन्द्र बहादुर श्रेष्ठ
१३. चन्द्र नारायण श्रेष्ठ
१४. नरसिङ्ग लाल चंखु

१५. बलराम सापकोटा
१६. शिव प्रसाद शर्मा
१७. लवराज जोशी
१८. डा. मनोहर कृष्ण श्रेष्ठ

**९. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका जिज्ञासा, सुझाव, सराहना तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम सभाका अध्यक्ष तथा संचालक र बैंकको व्यवस्थापनलाई धन्यवाद दिनुभयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको संचालक समितिको तर्फबाट प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएको कार्यहरुको मूल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औंल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितको लागी शेयरधनीहरुले आ-आफ्नो तर्फबाट सुझाबहरु प्रस्तुत गर्नुभयो । बैंकसँग संलग्न सबै पक्षलाई धन्यवाद दिनुभयो । बैंकिंग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी बढाउदै लैजानु पर्ने कुरामा जोड दिनुभयो । साथै, बैंकले आगामी दिनमा स्पष्टसँग व्यावसायिक लक्ष सहितको रणनीति तयार गरी उपलब्धी हासिल गर्ने खालको योजना प्रस्तुत हुनु पर्ने र आगामी बर्षहरुमा शेयरधनीहरुलाई उच्च प्रतिफल दिलाउने काममा अग्रसर हुनु पर्ने कुरामा जोड दिनु भयो ।

**१०.छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनी महानुभापहरुले व्यक्त गर्नु भएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

**१. अमृतनाथ रेग्मी**

श्री रेग्मीले आफ्नो मन्तव्य राख्ने क्रममा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनुका साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकले प्रत्येक वर्ष बडा दशै अगाडी नै साधारण सभा गर्ने गरेकोमा र पूँजी आठ अर्व पुर्‍याई दश बर्षको क्रममा "बेत्रावतीको सानो नदी नारायणी हुन सकेकोमा" बधाई ज्ञापन गर्नुभयो । बैंकले Blending Approach Strategy लिई, बोनस साथै नगद लाभांस वितरण गर्नु पर्ने विचार राख्नु भयो । बैंकले चुक्ता पूँजी सगँसगै General Reserve बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो । बैंकले Quarterly Report र Annual Report मा फरक परेको तथ्याङ्क तर्फ ध्यानाकर्षण गराउनु भयो । Deposit Structure मा विदेशी मुद्राको निक्षेप बढाउन सुझाव दिनुभयो । Loan Loss Provision कम गरी नाँफा बृद्धि गरेकोमा सकारात्मक देखिएको र सम्पत्तिको प्रतिफल राम्रो रहेकोमा खुशी व्यक्त गर्नुभयो । बैंकले Cost of fund घटाउने तर्फ विचार गर्नु पर्ने कुरा औंल्याउनुभयो । बैंकले आगामी बर्षको Dividend/EPS सम्बन्धी रणनीति बनाई अघि बढ्नुपर्ने सुझाव दिनुभयो । बैंकका आर्थिक परिसूचकहरु सन्तोषजनक रहेकोमा खुशी व्यक्त गर्दै आफनो मन्तव्य टुङ्गाउनु भयो ।

**२. अशोक उप्रेती**

**श्री उप्रेतीले** सम्बोधन क्रममा बैंकले बडादशै अगाडी साधरण सभा गर्दै दोश्रो भएकोमा बधाई ज्ञापन गर्नु भयो । साथै वार्षिक साधारण सभा भनेको शेयरधनीहरुको लागि विशेष दिन र अवसर भएको कुरा ब्यक्त गर्दै ग्राण्ड अपार्टमेन्ट खरिदकर्ता ग्राहकहरुको समस्या माथि प्रकाश पार्दै समस्या समाधानको लागि बैंकले सक्रियता देखाउनु पर्ने भन्दै ध्यानाकर्षण गराउनु भयो । यस बैंकको Image र Brand ठुलो कुरा भएकोले शेयरधनीहरुलाई पुर्ण सन्तुष्टी गराउनु पर्ने मन्तव्य व्यक्त गर्नु भयो । शेयरधनीहरु आफ्नो हक हितको लागी एकजुट हुनुपर्ने विचार राख्नुभयो ।

बैंकले ११ बर्षमा गरेको उपलब्धिहरुलाई सरहाना गर्दै शेयरधनी, संचालक, कार्यकारी अधिकृत र कर्मचारीलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै, विजया दशमी तथा दिपावली एवं नेपाल सम्बतको शुभकामना ब्यक्त गर्दै सम्पुर्णको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

### ३. ब्यास कुमार शर्मा

**श्री शर्माले** सम्वोधनको क्रममा सर्वप्रथम विजया दशमी, दिपावली तथा छठ पर्वको शुभकामना ब्यक्त गर्दै बैकको चुक्ता पुँजी आठ अरब पुर्याउने चुनौतीलाई हासिल गर्न सफल भएकोमा खुशी ब्यक्त गर्नुभयो । बैंकले Reserve & Surplus मा ध्यान दिनु पर्ने विचार ब्यक्त गर्नुभयो । निक्षेप सन्तुलित रुपमा अघि बढेकोमा सरहाना ब्यक्त गर्नुभयो । ब्याज खर्च अहिलेको अवस्थामा स्वभाविक भएपनि आगामी समयमा विचार पुर्याउनुपर्नेमा सुझाव दिनुभयो । बैंकले १६% लाभांस दिनु राम्रो कुरा भएकोले धन्यवाद ज्ञापन गर्दै, आगामी दिनमा २०% भन्दा धेरै प्रतिफल प्राप्त गर्ने अपेक्षा ब्यक्त गर्नुभयो । आगामी दिनमा मुनाफाको मात्रै नभई चुक्ता पूँजीको आकारलाई पनि बढाउनु पर्ने विचार ब्यक्त गर्नु भयो । आगामी दिनहरुमा Base rate कम गर्दै Loan Loss Provision सुधार गरी NPL व्यवस्थापन गर्न अनुरोध गर्दै आफनो मन्तव्य टुङ्गयाउनु भयो ।

### ४. डा. सुन्दरलाल श्रेष्ठ

**श्री श्रेष्ठले** सम्वोधनको क्रममा सर्वप्रथम विजया दशमी, दिपावली तथा छठ पर्वको शुभकामना ब्यक्त गर्दै बैंकले समयमानै साधारण सभा सम्पन्न गर्नुका साथै राम्रो प्रतिफल दिएकोमा खुशी ब्यक्त गर्नुभयो । उहाँले आगामी बर्षदेखि बैंकले वोनस शेयरको साथ साथै नगद लाभांस पनि दिन संचालक समितिको ध्यानाकर्षण गराउनु भयो । हाल बैंकको कुल निक्षेप मध्ये १ अरव निर्ब्याजी निक्षेप रहकोमा खुशी ब्यक्त गर्दै मुद्दती निक्षेप घटाई बचत निक्षेप बढाउन आग्रह गर्नुभयो । आगामी दिनमा बैंकले आफ्नो खराव कर्जा तथा NPA लाई निश्चित दायराभित्र राखी नाफा बढाउनु पर्ने चुनौती रहेको जानकारी गराउनुभयो । साथै शेयरधनीहरुलाई लिन बाँकी लाभांस लिन आग्रह गर्दै साधारण सभा हुँदा लाभांश लिन बाँकी शेयरधनीको विवरण सुचनापाटीमा राख्न बैंक व्यवस्थापनलाई आग्रह गर्नुभयो ।

### ५. रोज कुमार श्रेष्ठ

**श्री श्रेष्ठले** बैंकको हालसम्मको कारवाही प्रति सन्तुष्ट ब्यक्त गर्दै समयमानै आठ अरब चुक्ता पुँजी पुर्याउन सकेकोमा खुसी ब्यक्त गर्नुभयो । साथै बैंकको दुई पाटाहरु Business र Legal हुन्छ भन्ने कुरा प्रकाश पार्नु भयो । विनीमय अधिकार ऐन २०३४ अनुसार खाता Dormant गर्न नहुने सम्बन्धमा प्रकाश पार्दै बैंकहरु ग्राहकमुखी हुनु पर्ने सुझाव दिनु भयो ।

### ६. बैजुनाथ रौनियार

श्री रौनियारले सम्वोधनको क्रममा सर्वप्रथम विजया दशमी, दिपावली तथा छठ पर्वको शुभकामना ब्यक्त गर्दै आठ अरब चुक्ता पुँजी पुगेको तथा १६% वोनस शेयर दिएकोमा खुशी ब्यक्त गर्दै आम्दानीमा जति प्रतिशतले बृद्धि हुनु पर्ने हो सो भन्दा न्युन प्रतिशत मात्रै देखिएकोले सो तर्फ विशेष ध्यान दिनु पर्ने भनि इंगित गर्नुभयो । यस बैंकले विभिन्न इन्सुरेन्स कम्पनीसगँ गरेको सम्झौता, CBIL Capital मा गरेको लगानी, विभिन्न स्थानमा खरिद गरिएको जग्गा तथा भवन, विभिन्न कम्पनीहरुको शेयरमा गरेको लगानीहरुवाट बैकलाई भविष्यमा राम्रो प्रतिफल प्राप्त हुने कुरामा जोड दिनुका साथै व्यवस्थापनको प्रशंसा गर्नुभयो । त्यसैगरी उठ्न बाँकी रहेका खराब कर्जाहरु उठाई CSR मा अझ बढी लगानी गर्न अनुरोध गर्नुका साथै NFRS अनुसार Financial Statement बनाएकोमा धन्यवाद ब्यक्त गर्नुभयो ।

७. डमरु वल्लभ घिमिरे

**श्री घिमिरेले** समयमानै साधारण सभा गरेको र आफ्नै भवनमा Corporate Office स्थानान्तरण भएकोमा खुशी व्यक्त गर्दै बैंकर Association ले KYC का झन्झटिलो प्रकृयालाई सहजीकरण गर्न नेपाल राष्ट्र बैकसँग अनुरोध गर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो ।

८. शिव प्रसाद पौडेल

श्री पौडेलले आफ्नो मन्तव्य व्यक्त गर्दै बैंकले १६% वोनस शेयर तथा कर प्रयोजनको लागी नगद लाभांश प्रदान गरी समयमानै साधारण सभा गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । साथै आगामी वर्ष २०% लाभांशको अपेक्षा राख्दै Future Capital Plan समेत आउनु पर्ने भनि ध्यानाकर्षण गराउनु भयो ।

९. इन्द्रकृष्ण श्रेष्ठ

श्री श्रेष्ठले जलविद्युतमा गरेको लगानीमा खुसी व्यक्त गर्दै उक्त लगानीको अवस्था कस्तो रहेको र कुन कुन आयोजनामा लगानी गरिएको भन्ने जिज्ञासा राख्नुका साथै बैंकले नेपाल सरकारलाई तिरेको कर दुरुपयोग भएको बताउदै करदाताहरुले कर तिरेको रकमको सदुपयोगिताको विषयमा सरकारलाई औल्याउनु पर्ने धारण व्यक्त गर्नु भयो । CBIL Capital ले छोटो समयमानै नाफा कमाउन सफल भएकोमा खुशी व्यक्त गर्दै व्यवस्थापनको सराहना गर्नुभयो ।

१०. दामोदर प्रसाद रेग्मी

श्री रेग्मीले बैकले १० वर्षको छोटो अवधिमा धेरै नै राम्रो छवी र ब्राण्ड बनाएको तथा सम्पूर्ण Balance Sheet को सम्पूर्ण Item हरु सकारात्मक रहँदा रहँदै पनि केही सुचकहरु उत्साहवर्धक नभएको धारणा राख्नु भयो । साथै उहाँले NPA Management मार्फत आउँदो वर्ष २० प्रतिशत लाभांशको आशा राख्दै समस्यालाई स्रोतको रुपमा परिचालन गर्न सुझाव दिनुभयो ।

११. कृष्ण काश्यप

श्री काश्यपले वार्षिक प्रतिवेदन छपाईमा भएको भाषिक तथा मुद्रित त्रृटिहरुलाई औल्याउनुका साथै प्रत्येक ६।६ महिनामा शेयरधनीहरुसँग भेटघाट कार्यक्रम राख्नुहुन अनुरोध गर्नुभयो । अन्तमा बैकले आगामी वर्षमा बोनस शेयर तथा नगद लाभांश मार्फत शेयरधनीलाई प्रतिफल दिनको लागि जोड दिनुभयो । साथै समयमानै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

१२. महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठले वित्तीय संस्थाहरुलाई प्राप्ति गर्दा NBA बढेकोमा ध्यान दिनुपर्ने कुरा व्यक्त गर्नु भयो । संस्थागत निक्षेप कम गर्दै व्यक्तिगत निक्षेपमा प्राथमिकता दिनु पर्ने कुरा प्रकाश पार्नु भयो । निक्षेपकर्तालाई थप व्याज कसर प्रदान गर्न सकिन्छ सो सम्बन्धि रणनीति बनाउनुपर्ने धाराणा व्यक्त गर्नुभयो । साथै Paperless भएर अघि बढ्नुको साथै DEMAT को ONLINE वार्षिक शुल्कलाई हटाएर साविककै गर्नुपर्ने कुरामा सुझाव दिनुभयो । संस्थागत सुशासनलाई मजबुत बनाउँदै लैजानु पर्ने र ग्राहकहरुलाई सजिलैसँग सुविधा उपलब्ध गराउनुपर्ने सुझाव दिनुभयो ।

साथै बैंकको चुक्ता पूँजी बढाउदै लगी शेयरधनीहरुलाई यथासक्य धेरै लाभांश प्रदान गर्ने रणनीति बनाउनु पर्ने विषयमा आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्गायाउनु भयो ।

**१३. चन्द्र नारायण श्रेष्ठ**

श्री श्रेष्ठले पूँजी पर्याप्तता अनुपात (CAR) लाई मध्यनजर गर्दै बैंकले चुक्ता पुँजी को साथै Capital Fund बढाउनु पर्नेमा जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो । Non Fund Based Income राम्रो देखिएकोमा खुसि व्यक्त गर्नुभयो । कर्जाको व्याज आम्दानी बढाउनुपर्ने सुझाव व्यक्त गर्नुभयो । निक्षेप व्यवस्थापन गर्नको लागि बचत र चल्ती खाताहरु बढाउनु पर्ने सुझाव दिनु भयो । CSR Fund बनाएर सामाजिक उत्तरदायित्व बहन गर्नुपर्ने सुझाव दिनुभयो ।

**१४. नरसिङ्ग लाल चखुं**

श्री चखुंले बैंकको वासलात विश्लेषण गर्दा प्रगति राम्रो भएको कुरा व्यक्त गर्नुभयो । नाफा बढि आर्जन गर्न व्यापारिक गतिविधि बढाउन थप जोड दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो । उठाउनुपर्ने हिसाबहरु समयमानै उठाउनुपर्ने कुरा व्यक्त गर्नुभयो । समस्याहरुलाई संचालक समिति र व्यवस्थापन दुवै मिलेर समाधान गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो । Equity Expansion Plan मा जोड दिदै अगाडि बढ्नुपर्ने मन्तव्य राख्नुभयो । NFRS अनुरुप वित्तीय विवरण प्रकाशन गर्न सक्षम भएकोमा खुशी व्यक्त गर्नुभयो ।

**१५. बलराम सापकोटा**

श्री सापकोटाले निरन्तर रुपमा असोज मसान्त भित्र वार्षिक साधारण सभा गर्न सफल भएको र बैंक आफ्नो Vision, Mission & Goal हासिल गर्न सफल भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा अझै प्रगति गर्न तर्फ उन्मुख हुने अपेक्षा व्यक्त गर्दै सिङ्गो बैंक परिवार प्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. शिवकुमार शर्मा**

श्री शर्माले बैंकले नाम अनुसार आफुसँग सम्बद्ध ग्राहक तथा शेयरधनीहरुलाई आफ्नै नागरिक सम्झी सोहि किसिमको व्यवहार गर्नु पर्ने सुझाव दिनु भयो । बैंकको छवी वृद्दि गर्दै पूँजी बृद्धिको आधारमा लगानीको प्रतिफल हुने ठाउँमा कर्जा विस्तार गरेर राम्रो प्रतिफल दिनु पर्ने कुरा व्यक्त गर्नुभयो । बोनस शेयर वितरण गर्दा Fraction मा आएका शेयरहरुलाई पूर्ण रुपमा शेयर दिनु पर्ने सुझाव व्यक्त गर्नु भयो । शाखा विस्तारको क्रममा शाखाको कसरी निगरानी गर्ने र प्रत्येक शाखाको लगानी सुरक्षित रहे नरहेको तर्फ ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । कर्मचारीको छनौट गर्दा Right Man at Right Place को मध्यनजर गर्दै व्यवस्थापन गर्नुपर्ने सुझाव दिनु भयो । आगामी दिनहरुको योजना र लक्ष्य बनाउन अनुरोध गर्दै आफनो मन्तव्य टुङ्ग्याउनु भयो ।

**१७. लवराज जोशी**

श्री जोशीले हालका बैंकका प्रमुख कार्यकारी अधिकृत राष्ट्र बैंक छाडि यस वाणिज्य बैंकलाई राम्रो वनाउनको लागी बैंकमा आएकोमा खुशि व्यक्त गर्दै उहाँको नेतृत्वको प्रशंसा गर्नु भयो । कर्मचारीहरुको राम्रो व्यवस्था गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो । साथै Right Share Premium वाट राम्रो रकम जम्मा भएकोमा बैंक भाग्यमानी भएको कुरा राख्नुभयो । बैंकको शाखा खोल्दा कति बर्षमा मुनाफा आर्जन गर्ने रणनीति वनाई अगाडी बढ्नु पर्नेमा जोड दिनुभयो । बैंकले यस वर्षबाट आफनै कर्पोरेट भवनवाट कार्यहरु संचालन गरेकोमा खुशि व्यक्त गर्नुभयो । बैंकले बार्षिक साधारण

सभा गर्ने क्रममा दोश्रो भएकोमा खुशी व्यक्त गर्नुभयो । इमान्दारी र असल नियतका साथ काम गर्नुपर्छ भन्दै अर्को बर्ष नाफा बृद्धि गर्ने कार्य योजना बनाई अगाडी बढनु पर्नेमा सुझाव दिदै आफनो मन्तव्य टुङ्गयाउनु भयो ।

**१८. डा. मनोहर कृष्ण श्रेष्ठ**

श्री श्रेष्ठले बैंकको आर्थिक स्थिति को समिक्षा गर्दै Equity Capital to total Assets अनुपात आठ गुणा रहेको जसबाट शेयरधनिहरुको Wealth Maximization भएको कुरा व्यक्त गर्नुभयो । NPL बढेकोमा सजकता अपनाउनु पर्नेमा जोड दिनु भयो । बैंकका कर्मचारी र व्यवस्थापकीय कर्मचारी बैंकका सम्पत्ति रहेको कुरा व्यक्त गर्दै कर्मचारीहरु अन्यत्र जाने, छोड्ने कमलाई बैंकले कसरी रोक्न सकिन्छ सो तर्फ विशेष रणनीति बनाई लागु गर्नुपर्ने, प्रमुख कर्मचारी अधिकृत र माथिल्लो व्यवस्थापन तहका कर्मचारी तथा अन्य तहका कर्मचारीहरुको बीचमा तलबमा देखिएको फराकिलो अन्तरले सन्तुलन कायम भएको देखिदैन सो तर्फ विशेष ध्यान दिनु पर्ने कुरा प्रस्तुत गर्नुभयो । तालिम गराउने क्रममा शेयरधनीहरुलाई पनि सहभागी गराउनुपर्ने कुरामा जोड दिदै शेयरको बजार मुल्य बढाउने योजना सहित अगाडी बढि Income Composition साथै Cost Pattern ratio सम्बन्धी कुरामा ध्यान दिनुपर्ने कुरामा जोड दिनु भयो ।

बैंकको वित्तीय विवरणहरुको प्रस्तुती मा ध्यान दिदे वार्षिक प्रतिवेदन को गुणस्तर सुधार गर्नुपर्ने विषयमा जोड दिनु भयो । साथै, उहाँले **Board Oversight + Managerial Insight = Institutional Foresight** हुने कुरा व्यक्त गर्दै यस तथ्यलाई पालना गर्ने तर्फ ध्यान दिन आग्रह गर्नु भयो ।

**११. सभाका शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा र प्रश्नहरुको जवाफ :**

बैंकका शेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञासा तथा प्रश्नहरुको सर्न्दथमा बैंकको तर्फबाट प्रष्ट पारिदिनुहुनको लागी सभाका अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राजन सिंह भण्डारीज्यूलाई अनुरोध गर्नु भए मुताविक बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राजन सिंह भण्डारीले सभा समक्ष बैंकका शेयरधनीहरुले राख्नु भएको जिज्ञासा, प्रश्न तथा अमुल्य सुझावहरुका लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै बैंकको नाफा, NBA, शेयरधनिहरुको चाहनाको सम्बन्धमा निम्नानुसार स्पष्ट पार्नु भयो ।

क) **Net profit बढ्न नसकेको सम्बन्धमा**

गत आ.व.को अन्तिम ६ महिना बैकिङ्ग क्षेत्रको लागि असहज परिस्थिति रहेको र उक्त समयमा निक्षेपको ब्याजदर १२–१४ प्रतिशत पुगेको कुरा सवैलाई विदितै छ । जसले गर्दा ब्याज खर्च बढ्न गई Net profit आशातित रुपमा बढन सकेन । साथै नाफा कम हुनुको अर्को कारण गतवर्ष प्रिमियर फाइनान्स प्राप्ति गर्दाको Goodwill बापतको रकम write off गरेको कारणले नाफामा थप नकारात्क असर पर्‍यो ।

ख) **NBA को सम्बन्धमा**

बैंकले ३ वटा संस्थाहरु प्राप्ति गरी संचालन भइरहेको अवस्थामा उक्त संस्थाहरुवाट प्राप्त NBA को कारणले गदा बैंकको NBA बढन गएको हो । यस बैक्को Original Book बिग्रिएको भने होइन । प्राप्ति गरिएका संस्थाहरुबाट ल्याईएको NBA व्यवस्थापन गर्दा अपलेखन गर्नु परेको हो र अपलेखन लेखाङ्कन प्रयोजनको लागि मात्र गरि असुलिको अधिकार बैंकमा नै सुरक्षित रहेको छ ।

ग) **शेयरधनिहरुको चाहनाको सम्बन्धमा**

सम्पूर्ण शेयरधनीहरुको भावना र चाहनालाई समावेस गर्दै आउदो बर्ष १३० करोड देखि १५० करोड सम्म खुद मुनाफा आर्जन हुने ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

अन्त्यमा, सबै कुरामा Compromise गर्न सकिन्छ तर बैंक प्रतिको विश्वासमा आधात पुग्ने गरी कुनै Compromise गर्न नसकिने, नीति, नियम तथा कानूनको पालानामा नचुक्ने र सुशासन सम्बन्धमा कुनै सम्झौता नगर्ने विश्वास ब्यक्त गर्नुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राजन सिंह भण्डारीले शेयरधनीहरुको जिज्ञासाको जफाव दिए पश्चात सभाका अध्यक्षज्यूले बैंकका शेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा जिज्ञासा, प्रश्न तथा अमुल्य सुझावहरुका लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै बैंकले सबै नियमनकारी निकायका निर्देशनहरु पालना गर्दै बैंकको समग्र विकासमा सक्रिय रही अगाडि बढ्दै जाने र पछि नफर्कने प्रतिज्ञा गर्नुभयो । बैंकको आफ्नो उच्चस्तरको ग्राहक सेवा, उच्चप्रतिफल, सामाजिक उत्तरदायित्ववोध, सस्थागत सुशासन, सम्पत्ति गुणस्तर तथा सेयरधनीहरुलाई अझबढी प्रतिफल दिदै अघि बढ्ने प्रतिबद्धता समेत ब्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुले दिनुभएको सुझावहरु सर्व स्वीकार्य भएको र आगामी दिनहरुमा ती सुझाव बमोजिम आवश्यक सुधार एवम् कार्यान्वयन गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

**१२. एघारौं साधारण सभाको निर्णयहरु :**

(क) **साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यू को मन्तव्य तथा आ.व. २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित/स्वीकृत गर्ने ।**

**अध्यक्षज्यूले** स्वीकृतीको लागी सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सान हिस.ब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गरियोस् भनी **अध्यक्षज्यूले** सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३. बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लिमिटेडको आर्थिक वर्ष २०७३/७४ वित्तीय विवरणहरु स्वीकृत गर्ने ।**

यस बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लि. को आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत (Connsolidated) वित्तीय विवरण पारित गर्ने निर्णय गरियो ।

**४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार कर तिर्ने प्रयोजनको लागि रु. ५,८२,८७,९१३।- (करिव ०.८५ प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत कर तिर्ने प्रयोजनको लागि **रु. ५,८२,८७,९१३।- (करिव ०.८५ प्रतिशत)** नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियोस भनी **अध्यक्षज्यूले** सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**५. बैंकको आर्थिक वर्ष २०७४/७५ का हरहिसाबहरू लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/७५ को हरहिसाबहरू लेखापरीक्षण गर्न को निमित्त लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी **अध्यक्षज्यूले** सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकको साबिकको लेखापरीक्षक श्री जे.के. एण्ड एस.एस. एसोसिएटस् चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुभएकोले बैंकको लेखा परिक्षकमा निजलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर, लङ्गफर्म अडिट रिपोर्ट **NRB र NIRS** वित्तीय विवरण तयार गरे बापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत मूल्य अभिबृद्धि कर बाहेक रु.१५,००,०००।- (अक्षरुपी पन्ध्र लाख रुपैयाँ मात्र) पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो ।

**६. प्रिमियर फाईनान्स लिमिटेडको मिति श्रावण १, २०७३ को DDA का लागि M/s Bidur Associates Chartered Accounts लाई रु. ३०,०००।- (VAT वाहेक) र Audit of Financial Statement का लागी M/s JKB & Associated Chartered Accounts लाई रु. २००,०००।- (VAT वाहेक) पारिश्रमिक सहित नियुक्ती गरिएको विषयमा संचालक समितिको मिति २०७४ जेष्ठ २८ गते बसेको २३५ औं बैठकवाट गरिएको निर्णय अनुमोदन गर्ने ।**

प्रिमियर फाईनान्स लिमिटेडको मिति श्रावण १, २०७३ को DDA का लागि M/s Bidur Associates Chartered Accounts लाई रु. ३०,०००।- (VAT वाहेक) र Audit of Financial Statement का लागी M/s JKB & Associated Chartered Accounts लाई रु. २००,०००।- (VAT वाहेक) पारिश्रमिक सहित नियुक्ती गरिएको विषयमा संचालक समितिको मिति २०७४ जेष्ठ २८ गते बसेको २३५ औं बैठकवाट गरिएको निर्णय सर्वसम्मतिले अनुमोदन गरियो ।

**७.बैंकको नियमावली अनुसार समूह "ख" का सर्वसाधरण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार समूह "ख" का सर्वसाधरण शेयरधनीहरुको तर्फबाट ४ वर्षको कार्यकालको लागि संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद दुईको लागी श्री प्रकाश चन्द्र मैनाली र श्री विजय ध्वज कार्की निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ख). विषेश प्रस्तावहरु**

**१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार बोनस शेयर रु. १,१०,७४,७०,३४६ (१६ प्रतिशत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

संचालक समितिबाट प्रस्ताव गरे अनुसार बोनस शेयर रु. १,१०,७४,७०,३४६ (१६ प्रतिशत) वितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**२. बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।**

(क) **बैंकको प्रवन्धपत्र संशोधन गर्ने ।**

बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(क-१) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा ।**

बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा प्रबन्ध-पत्रको दफा २ को उपदफा १ र २ मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ नारायणहिटी पथमा रहनेछ ।

(२) यस बैंकको कारोबार गर्ने स्थान नेपाल राज्यको वागमती अञ्चल काठमाण्ठौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ नारायणहिटी पथमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ ।

**(क-२) बैंकको उद्धेश्य प्राप्त गर्न गरिने कार्यहरुमा प्रचलित कानूनको अधिनमा रही धितोपत्र दरखास्त संकलन सम्बन्धी (Application Supported by Blocked Amount) कामहरु गर्ने कार्य थप गर्ने ।**

बैंकको उद्धेश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने सम्बन्धमा प्रबन्ध पत्रको दफा ४(कङ) पछि दफा ४(कच) मा निम्न काम थप गर्ने निर्णय गरियो ।

(कच) प्रचलित कानूनको अधिनमा रही धितोपत्र बोर्डबाट इजाजत प्राप्त गरी सार्वजनिक निश्कासन गरिएका कम्पनीहरुको धितोपत्र दरखास्त संकलन सम्बन्धी (Application Supported by Blocked Amount) कामहरु गर्ने ।

**(क-३) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्वन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्वन्धमा संचालक समितिबाट प्रस्ताव गरे बमोजिम १६ प्रतिशत वोनस शेयर वितरण गर्ने र यसरी वोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने वोनस शेयर समेत गरी कुल जम्मा शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्बन्धीत शेयरधनीबाट नगदै भुक्तानी प्राप्त गरी पूर्णकृत शेयर जारी गर्ने र विद्यमान संस्थापक सर्वसाधरणको पूँजी संरचना ५१.३२:४८.६८ लाई परिवर्तन गरि पूँजी संरचना ५१:४९ कायम गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाले १६ प्रतिशत बोनश शेयर समेत कुल जम्मा शेयरमा खण्डिकृत भएका शेयरलाई प्रस्ताव गरे अनुरुप नगदै भुक्तानी प्राप्त गरी पूर्णकृत शेयर जारी गर्ने तथा पूँजी संरचना ५१:४९ कायम गर्न आवश्यक प्रकृया पुरा गरी सर्वसाधारण तर्फ ४६३,९२४ कित्ता थप शेयर समेत जारी गरी कुल जारी पूँजी रु. ८,०७,९६,१९,०००।- कायम गर्न संचालक समितिलाइ अख्तियार प्रत्यायोन गरी प्रबन्ध-पत्रको दफा ५ को (ख), (ग), (घ), (ङ) र (च) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**५(ख)** बैंकको कुल जारी पूँजी रु. ८,०७,९६,१९,०००।- (अक्षरुपी आठ अरव सात करोड छयानब्बे लाख उन्नाईस हजार रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ८,०७,९६,१९० (आठ करोड सात लाख छयानब्बे हजार एक सय नब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ८,०७,९६,१९,०००।- (अक्षरुपी आठ अरव सात करोड छयानब्बे लाख उन्नाईस हजार रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी रु. ८,०७,९६,१९,०००।- (अक्षरुपी आठ अरव सात करोड छयानब्बे लाख उन्नाईस हजार रुपैयाँ मात्र) हुनेछ ।

५(घ) बैंकले जारी पूँजीको ४९.०० प्रतिशत शेयर सर्वसाधरण को लागी छुट्याएको छ ।

५(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१.०० प्रतिशत हुनेछ ।

५(च) सर्वसाधरणमा बिक्रि गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९.०० प्रतिशत हुनेछ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्रि वितरण गर्न सकिनेछ ।

**ख. बैंकको नियमावली संशोधन गर्ने ।**

बैंकको नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(ख-१) बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा ।**

बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना परिवर्तन सम्बन्धमा नियमावलीको नियम २ मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(२) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १, नारायणहिटी पथमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ ।

**(ख-२) संचालकको संख्या र कार्यकाल तोक्ने सम्बन्धमा ।**

बैंकका संचालकको संख्या र कार्यकाल तोक्ने सम्बन्धमा नियमावलीको नियम ८(२) र ८(३) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने तथा ८(३)(क) थप गर्ने निर्णय गरियो ।

८(२) यस बैकमा सात जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क) संस्थापक समूहका शेयरधनी समुहवाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित (३) तीन जना ।

(ग) सर्वसाधारण समूहका शेयरधनी समूह "ख" बाट निर्वाचित (३) तीन जना ।

(घ) नेपाल राष्ट्र बैंकले तोकेको विषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्तिहरुबाट संचालक समितिले नियुक्त गरेको स्वतन्त्र संचालक (१) एक जना ।

८(३) संचालकहरुको कार्यकाल बढीमा चार वर्षको हुनेछ । निजको पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।

तर, स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

८(३)(क) नियम ८(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रवन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

(ख-३) **संचालक समितिको बैंठक सम्बन्धमा ।**

बैंकको संचालक समितिको बैंठक सम्बन्धमा नियमावलीको नियम १०(६) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

१०(६) संचालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक (६०) साठी दिन भन्दा बढी हुने छैन ।

(ख-४) **संचालकको योग्यता र कार्य अनुभव**

बैंकको संचालकको योग्यता र कार्य अनुभव सम्बन्धमा नियमावलीको नियम ११(२)(ख) पछि ११(२)(ग) थप गर्ने निर्णय गरियो ।

११(२)(ग) संचालकमा नियुक्त हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा कार्यअनुभव आवश्यक हुनेछ ।

(अ) विदेशी वा स्वदेशी बैंक वा बित्तीय संस्था वा सम्बन्धित क्षेत्रमा संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेका, वा

(आ) स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा

(इ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको, वा

(ई) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको योग्यता तथा कार्यअनुभव रहेको ।

(ख-५) **संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या ।**

बैंकको संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या सम्बन्धमा नियमावलीको नियम १३(२) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

१३(२) यस बैंकको संचालक पदमा नियुक्त हुनको लागी आफ्नो नाममा कम्तिमा १०(दश) थान शेयर लिएको हुनु पर्नेछ ।

तर, नेपाल राष्ट्र बैंकले तोकेको विषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्ति स्वतन्त्र संचालक भएमा तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगनी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

(ख-६) **प्रमुख कार्यकारी अधिकृतको कार्यकाल तोक्ने सम्बन्धमा ।**

बैंकको प्रमुख कार्यकारी अधिकृतको कार्यकाल तोक्ने सम्बन्धमा नियमावलीको नियम २०(४) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR ADVANCE Corporate Office ★ सिटिजन्स बैंक इन्टरनेशनल लि.

२०(४) कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ। यो व्यवस्था बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भए पछि मात्र लागु हुनेछ ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) विविध ।

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त हुनुको साथै प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै एघारौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो ३.०० बजे सभा विसर्जन गर्नुभयो ।

बोधराज देवकोटा
कम्पनी सचिव

बालकृष्ण प्रसाई
संचालक